अध्यक्ष
लाल बहादुर थापा

**श्री सिंगासैन सामुदायिक वन उपभोक्ता समूह**

**मोहन्याल गा.पा.छ उच्चेपाठर,कैलाली**

काठ दाउरा लिलाम विक्री सम्वन्धि विस्तृत विवरण सहितको सूचना ।।।

( सौर्य दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०७९/०३/२३ )

सिगासैन सामुदायिक वन उपभोक्ता समूहको वनवाट उत्पादित काठ दाउरा घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ती, संघ, संस्था, फर्म, वा कम्पनीले यो सूचना **सौर्य दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित मितिले २१ (एक्काइस) दिन भित्र खरिद गरी २२(बाइसौ ) दिनको तोकीएको समय भित्र सिलबन्धीको वोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल

१.वन पैदावारको विवरण :-

| सि. नं. | लट नं./आ.व. २०७७.०७८ | घाटगद्धी स्थान | जात | ग्रेड | थान | परिमाण क्यू.फी | न्यूनतम मुल्य प्रति क्यु.फिट रु. | लागत खर्च प्रति क्यु.फिट |
|---|---|---|---|---|---|---|---|---|
| १ | लट नं १ ०७८.०७९ | वालूवाखोला | सल्लो | ए | २३ | ३४६.३ | ३५०। | २३० । |
| | | | | वि | १०६ | ८१८.१ | २५०। | |
| | | | | जम्मा | १२९. | ११६४ | | |
| २ | लट नं १ ०७८ ०७९ | वालूवाखोला | साल | वी | ५ | ३९.३१४ | ७००। | २७० । |
| | | | | सी | ६ | ३०.८१६ | ५००। | |
| | | | | | ११ | ७०.१३० | | |

## शर्तहरु

२. वोल पत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति : २०७९/ ०४ / १२ ख) समय : दिनको ३.०० बजे सम्म

३. वोलपत्रसाथ कवुल गरेको रकम १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको श्री महालक्ष्मी विकास वैंक लिमिटेड शाखा कार्यालय मसुरीया,कैलाली मा रहेको खाता नं.०१६००१००१२०११६०००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर तथा मान्यता प्राप्त वैंकको बैंक ग्यारेन्टी वोल पत्रका साथ समावेश हुनु पर्ने छ ।

४. वोलपत्र फराम प्रति लटको रु. १०००। पछि फिर्ता नहुने गरी यस सामुदायिक वन उपभोक्ता समूह, र डिभिजन वन कार्यालय पहलमानपुरवाट खरिद गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र सिंगासैन सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इंच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपिको वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता प्रमाण पत्रको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०७९/०४/१४ मा दिनको १: ०० बजे साक्षिहरुको रोहवरमा खोलिने छ ।

८. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन विदा परेमा क्रमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै वोल पत्र विक्री, दर्ता र खोल्ने कार्य हुनेछ ।

CamScanner

९.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०.बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवै लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

११ बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

ईति सम्वत् २०७९ साल असार महिना २३ गते रोज ४ मा शुभम्

अध्यक्ष
लाल बहादुर थापा

CamScanner